### मतपत्र बदर हुने अवस्था



निम्नलिखित अवस्थामा मतपत्र बदर हुन्छ –

- सम्बन्धित मतदान अधिकृतको दस्तखत नभएको,
- औँठाछाप लगाई वा आयोगद्वारा निर्धारित स्वस्तिक चिह्नबाहेक अन्य चिह्न वा छाप लगाई मत सङ्केत गरिएको,
- मत सङ्केत चिह्न नबुझिने गरी लतपतिएको वा च्यातिएको,
- उम्मेदवार वा दलको निर्वाचन चिह्न भएको कोठामा मत सङ्केत नगरी अन्यत्र मत सङ्केत गरिएको,
- एकभन्दा बढी उम्मेदवार वा दलको निर्वाचन चिह्न भएको कोठामा छुट्टाछुट्टै मत सङ्केत गरिएको,
- एकभन्दा बढी उम्मेदवार वा दलको निर्वाचन चिह्न भएको कोठामा मत सङ्केतको चिह्न पर्ने गरी मत सङ्केत गरिएको,
- मत सङ्केत नगरी मतदान अधिकृतलाई मतपत्र फिर्ता दिइएको,
- कुनै पनि उम्मेदवार वा दलको निर्वाचन चिह्नमा मत सङ्केत नगरिएको,
- आयोगद्वारा निर्धारित मतपत्रबाहेक अन्य मतपत्रद्वारा मतदान गरिएको,
- मतपत्र मतपेटिकाभन्दा बाहिर राखिएको,
- जाली मतपत्र,
- पट्याएको मतपत्रभित्र कुनै मुद्रा, कागज वा अन्य कुनै वस्तु संलग्न गरेको वा कुनै रूपमा च्यातेको, प्वाल पारेको,
- एउटा पट्याएको मतपत्रभित्र अरू मतपत्रसँगै एकसाथ पट्याएको,
- उम्मेदवार वा दलको निर्वाचन चिह्न रहेको कोठामा र निर्वाचन चिह्न रहेका कोठाभन्दा बाहिर वा मतपत्रको अन्य कुनै भागमा समेत मत सङ्केत गरेको ।

### निर्वाचनको मौन अवधि र पालना गर्नुपर्ने आचरण

मतदान कार्य सुरु हुने दिनभन्दा ठिक ४८ घण्टा अगाडिदेखि मौन अवधि (Silence Period) को समय सुरु हुन्छ । यसअनुसार २०७६ साल मङ्सिर १४ गते हुने उपनिर्वाचनमा २०७६ साल मङ्सिर ११ गते राती १२:०० बजेदेखि मौन अवधि सुरु हुने छ । यस अवधिमा कुनै पनि उम्मेदवार, राजनीतिक दल, कार्यकर्ताले निर्वाचन प्रचार प्रसार गर्न र मत माग्न, कुनै किसिमको पत्रकार सम्मेलन, प्रेस मिट, अन्तरक्रिया वा मस्तिष्क मन्थन जस्ता कार्य गर्न हुँदैन । उम्मेदवार वा राजनीतिक दलको प्रचार प्रसार हुने गरी कुनै समाचार वा सूचना प्रकाशन वा प्रसारण गर्न समेत हुँदैन । यस अतिरिक्त मौन अवधिमा भाइबर, इन्स्टाग्राम, वाट्सएप,फेसबुक, युट्युब, ट्विटर जस्ता सामाजिक सञ्जालहरूमा कुनै किसिमको प्रचारप्रसार गर्नु हुँदैन ।

### मतदाताले मतदानकेन्द्रमा ध्यान दिनुपर्ने कुराहरू

आयोगले तोकेको मितिमा मतदान हुने दिन मतदान गर्ने समयभित्रै मतदाता नामावलीमा नाम भएका र आफूलाई तोकिएको मतदानकेन्द्र गई मतदान गर्नुपर्छ । मतदानकेन्द्रमा गएर मतदान गर्दा मतदाताले विशेष गरी देहायका कुराहरूमा ध्यान पुऱ्याउनुपर्छ –

- फोटोसहितको मतदाता नामावलीमा आफ्नो नाम कति क्रम सङ्ख्यामा छ, र आफ्नो मतदान केन्द्र कहाँ छ भन्नेबारे मतदान केन्द्रमा जानु अगाडि यकिन जानकारी लिने,
- मतदाता परिचयपत्र साथमा लैजाने,
- मतदान गर्ने दिन समयमै मतदान केन्द्रमा पुगी लाममा बसी शान्तिपूर्वक आफ्नो पालो आएपछि आफ्नो पालामा मात्र मतदान गर्ने,
- मतदानकेन्द्रमा पुगेपछि महिला भए महिला र पुरुष भए पुरुषको छुट्टाछुट्टै लाममा उभिने,
- मतपत्रमा छाप लगाउन अलमल भएमा मतदानमा खटिएका कर्मचारीसँग जानकारी लिने र आफ्नो मतलाई बदर नहुने गरी मतदान गर्ने,
- लाममा बसेका मतदातालाई कसैको निमित्त भोट दिने वा नदिने नभन्ने,
- गर्भवती तथा सुत्केरी महिला, जेष्ठ नागरिक, शारीरिक रूपमा अशक्त र अपाङ्गता भएका व्यक्तिलाई मतदान गर्न प्राथमिकता दिने,
- मताधिकारबारे आफूलाई जानकारी भएको विषय अन्य मतदातालाई जानकारी गराउने,
- निर्वाचनमा खटिएका सुरक्षाकर्मीलाई आवश्यक सहयोग पुऱ्याउने, मतदानमा प्रतिकूल असर पार्न खोज्ने प्रवृत्तिलाई निरुत्साहित गर्ने र आफू पनि कुनै होहल्ला वा हुलदङ्गामा नलाग्ने,
- आचार संहिता उल्लङ्घन भएको देखिएमा निर्वाचन आयोग, निर्वाचन अधिकृत वा निर्वाचनमा खटिएका कर्मचारीलाई जानकारी गराउने ।

**मतपत्रमा मतदान अधिकृतको सही भएको हुनुपर्छ ।**


कान्तिपथ, काठमाडौँ, नेपाल
फोन नं. : ९७७-१-४२२८६३३
फ्याक्स : ९७७-१-४२२९२२७

Kantipath, Kathmandu, Nepal
Tel: 977-1-4228633. Fax: 977-1-4229227

E-mail: info@election.gov.np
Website: www.election.gov.np


निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

# प्रतिनिधि सभा, प्रदेश सभा र स्थानीय तह उपनिर्वाचन, २०७६

# जानकारी पुस्तिका




निर्वाचन आयोग, नेपाल
कान्तिपथ, काठमाडौँ



## प्रतिनिधि सभा, प्रदेश सभा र स्थानीय तहको उपनिर्वाचन – २०७६

निर्वाचन आयोग र नेपाल सरकारको निर्णयअनुसार प्रतिनिधि सभा, प्रदेश सभा र स्थानीय तहमा विभिन्न कारणले रिक्त भएका पदहरूमा आगामी २०७६ साल मङ्सिर १४ गते उपनिर्वाचन हुँदै छ। संवत् २०७४ सालमा सम्पन्न भएका प्रतिनिधि सभा सदस्य, प्रदेश सभा सदस्य र स्थानीय तहका विभिन्न पदहरूमा विजयी भएका प्रमुख, उपप्रमुख, अध्यक्ष, उपाध्यक्ष र वडाध्यक्षको विभिन्न कारणबाट पद रिक्त हुन आएको र सो पदलाई पूर्ति गर्न उपनिर्वाचन गर्न लागिएको हो। उल्लिखित मितिमा हुन गइरहेको उपनिर्वाचन ३७ जिल्लाका ५२ स्थानहरूमा हुँदै छ। यो उपनिर्वाचन २४७ मतदान स्थलका ५३७ मतदान केन्द्रमा हुने छ। कुल ४,५४,११४ (चार लाख चौवन्न हजार एकसय चौध) मतदाताले २०७६ साल मङ्सिर १४ गते हुने उपनिर्वाचनमा बिहान ७ बजेदेखि अपराह्न ५ बजेसम्म मतदान गर्ने कार्यक्रम रहेको छ।

### उपनिर्वाचनमा मतदानको महत्त्व

- लोकतान्त्रिक शासन व्यवस्थामा नागरिक सहभागिता जनाउन,
- उपनिर्वाचनमा आफूलाई मन परेको उम्मेदवारलाई मतदान गरी सक्षम र योग्य प्रतिनिधि छनौट गर्न,
- आफ्नो अमूल्य मताधिकारको उपयोग गर्न,



### मतदाता नामावली

मतदाता नामावली सम्बन्धी ऐन, २०७३ बमोजिम निर्वाचन आयोगले सङ्कलन र अद्यावधिक गरेको फोटोसहितको मतदाता नामावलीमा नाम भएका व्यक्तिहरूले मात्र उपनिर्वाचनमा मतदान गर्न पाउने छन्। यस उपनिर्वाचनका लागि निर्वाचन आयोगले २०७६ साल साउन १६ गते १८ वर्ष उमेर पूरा भएका मतदाताहरूले भाग लिन पाउने छन्। भोजपुर जिल्लाको पौवादुङ्गा गाउँपालिका वडा नं. १ का मतदाताहरूको हकमा २०७६ साल भाद्र ४ गते १८ वर्ष उमेर पूरा भएका र चितवन जिल्लाको भरतपुर महानगरपालिका वडा नं. १६ का हकमा २०७६ साल असोज ७ गते १८ वर्ष पूरा भएका मतदाताले भाग लिन पाउने छन्।

### मतदाता परिचयपत्र

मतदानको दिन मतदान गर्न जाँदा सबै मतदाताले अनिवार्य रूपमा आ-आफ्नो परिचयपत्र साथमा लिई जानुपर्छ। त्यसैले निर्वाचन आयोगले तयार गरेको अन्तिम मतदाता नामावलीमा नाम थप भएका कुल १६,२१९ (सोह्र हजार दुई सय उन्नाइस) मतदाताहरूलाई मतदान कार्यका लागि खटिएका कर्मचारीहरूले मतदानकेन्द्रबाट मतदाता परिचयपत्र वितरण गर्ने छन्। मतदाताले आफ्नो मतदान केन्द्रबाट मतदानको दिनुभन्दा अगाडि नै आफ्नो मतदाता परिचय पत्र लिइसक्नुपर्ने छ। अन्य मतदाताहरूले २०७४ सालमा आयोगले उपलब्ध गराएको परिचयपत्रबाट मतदान गर्न पाउने छन्।

### निर्वाचन हुने पद र जिल्ला

- प्रतिनिधि सभा सदस्य पदका लागि कास्की जिल्ला निर्वाचन क्षेत्र नं. २ मा रिक्त रहेको प्रतिनिधि सभा सदस्य पद एक।
- प्रदेश सभा सदस्य पदका लागि दाङ जिल्लाको प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं. ३ अन्तर्गतको प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र नं. २, बाग्लुङ जिल्लाको प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं. २ अन्तर्गतको प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र नं. २ र भक्तपुर जिल्लाको प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं. १ अन्तर्गतको प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र नं. १ गरी रिक्त सदस्य पद तीन।
- सुनसरी जिल्लाको धरान उपमहानगरपालिकामा रिक्त रहेको प्रमुख पद एक,
- पाँचथर जिल्लाको फाल्गुनन्द गाउँपालिका, सङ्खुवासभा जिल्लाको मकालु गाउँपालिका र महोत्तरी जिल्लाको पिपरा गाउँपालिकामा रिक्त रहेको अध्यक्ष पद तीन।
- हुम्ला जिल्लाको खार्पुनाथ गाउँपालिकामा रिक्त रहेको उपाध्यक्ष पद एक,
- विभिन्न गाउँपालिका र नगरपालिकाहरूमा रिक्त रहेका वडाध्यक्ष पद त्रिचालिस।

यस उपनिर्वाचनमा प्रतिनिधि सभा सदस्य, प्रदेश सभा सदस्य तथा स्थानीय तहका अध्यक्ष, उपाध्यक्ष, प्रमुख, उपप्रमुख र वडाध्यक्षको रित्त पदमा मात्र निर्वाचन हुने व्यवस्था रहेको छ।

### निर्वाचन आचार संहिता

उपनिर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, पारदर्शी र विश्वसनीय ढङ्गबाट सम्पन्न गर्नका लागि आयोगले निर्वाचन आयोग ऐनअनुसार आचार संहिता जारी गर्नुपर्ने कानूनी प्रावधान रहेको छ। यस उपनिर्वाचन प्रयोजनका लागि संवत् २०७६ साल कार्तिक ८ गतेबाट लागू हुनेगरी आचार संहिता जारी गरिसकेको छ। आयोगले जारी गरेको आचार संहिता पूर्णरूपमा पालना गर्नु गराउनु सबै निर्वाचनका सरोकारवालाहरूको कर्तव्य हुने छ।

आचार संहिता कार्यान्वयन गर्ने प्रयोजनका लागि आचार संहितामा उल्लिखित अन्य प्रावधानलगायत उम्मेदवार वा राजनीतिक दलको निर्वाचन चिह्न अङ्कित पहिरन, टोपी, स्टिकर, लोगो, झोला, ट्याटु जस्ता साङ्केतिक सामग्रीको प्रयोग गर्न, बिक्री गर्न वा प्रदर्शन गर्न वा गराउन हुँदैन।

**आचार संहिता लागु हुने –**




- नेपाल सरकार र नेपाल सरकारका मन्त्री,
- प्रदेश सरकार र स्थानीय तह,
- उम्मेदवार तथा सम्बन्धित व्यक्ति,
- प्रदेश सरकार र स्थानीय तहका कर्मचारी,
- सरकारी तथा अर्धसरकारी संस्थाका कार्यालय तथा कर्मचारी,
- सार्वजनिक संस्थानका कार्यालय तथा कर्मचारी,
- नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय अनुसन्धान विभाग र प्रदेश प्रहरीका कार्यालय तथा सुरक्षाकर्मी,
- निर्वाचनको काममा संलग्न कर्मचारी,
- राजनीतिक दल तथा राजनीतिक दलका भातृ सङ्गठन,
- सार्वजनिक पद धारण गरेको व्यक्ति,
- पर्यवेक्षक,
- सरकारी तथा निजी क्षेत्रका सञ्चार माध्यम,
- निजी तथा गैरसरकारी संस्था,
- नेपाल सरकारको अनुदानमा सञ्चालित विश्वविद्यालय वा सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारी,
- आयोगले तोकेका अन्य निकाय वा व्यक्ति।

### मतदान र मत सङ्केत

यस उपनिर्वाचनका लागि आयोगले बनाएको एउटा मतपत्रमा आफूले रोजेको उम्मेदवारको निर्वाचन चिह्न भएको कोठामा पर्नेगरी कोठाभित्र स्वस्तिक छाप लगाएर एउटा मात्र मत सङ्केत गर्नुपर्छ। तर धरान उपमहानगरपालिका वडा नं ७ का हकमा भने त्यस वडाभित्रका मतदाताले पहिलो लहरमा नगर प्रमुखको निर्वाचनको लागि आफूले रोजेको उम्मेदवारको चिह्न भएको कोठामा एक मत र दोस्रो लहरमा वडाध्यक्षको निर्वाचनको लागि आफूले रोजेको उम्मेदवारको चिह्न भएको कोठामा अर्को एक मत गरी एउटा मतपत्रको दुई ठाउँमा मत सङ्केत गर्नुपर्छ।

आफ्नो नाम जुन वडाको मतदाता नामावलीमा समावेश भएको छ, त्यही वडाका लागि तोकिएको मतदान केन्द्रमा मात्र मतदान गर्न पाइन्छ। तसर्थ, मतदानको दिन अगावै सबै मतदाताले आफ्नो मतदान केन्द्र थाहा पाई राख्नुपर्छ। कुनै एक मतदाताले एउटै निर्वाचनमा एक पदको लागि एकभन्दा बढी पटक वा एक भन्दा बढी मतदानकेन्द्रमा मतदान गर्न पाउने छैन।

कसैले पनि अरू मतदाताको नामको मतपत्र बुझिलिन वा अर्काको नामबाट मतदान गर्न वा एउटै निर्वाचनका लागि एक भन्दा बढी पटक मतदान गर्न हुँदैन। यदि कसैले त्यस्तो कार्य गरेमा सो कार्य गर्ने व्यक्तिलाई मतदान अधिकृतले पच्चिस हजार रुपैयाँसम्म जरिवाना गर्नसक्ने छन्। कसैले पनि मतदातालाई मतदान स्थलमा प्रवेश गर्न नदिन गौँडा वा बाटो छेक्न वा मतदान केन्द्रमा मतदान गर्न कुनै किसिमले बाधा अवरोध गरे वा गराएमा त्यस्तो व्यक्तिलाई मतदान अधिकृत वा अनुगमनकर्ताले पच्चिस हजार रुपैयाँसम्म जरिवाना गर्नसक्ने छन्।